वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ,क्लिनर, सिटल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, बिल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिा नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षिक आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक ८० ○श्रेणी 'क' ○२०७२ पुस ५ गते आइतबार ○ 19 Dec. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!

योग निद्रा सिकेर आफूलाई रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुलुसै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ४८१६१०२२१६

कांग्रेसको कार्यकर्ता भेला र वर्तमान सन्दर्भमा राजनीति गोष्ठी पोखरामा

'महाधिवेशनपछि कांग्रेसकै नेतृत्वमा सरकार'

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

नेपाली कांग्रेसका नेता एवं पूर्व मन्त्री गोपालमान श्रेष्ठले १३औं महाधिवेशनपछि कांग्रेसमा आमूल परिवर्तन आउने बताएका छन् । आगामी महाधिवेशनबाट कांग्रेसको नेतृत्वसहित सोचाईमा पनि परिवर्तन आउने उनले बताए । नेपाली कांग्रेस कास्कीले शनिवार पोखरामा आयोजना गरेको कार्यकर्ता भेलामा बोल्दै उनले महाधिवेशन पछि मुलुकको नेतृत्व नेपाली कांग्रेसले नै गर्ने दावी गरे । मुलुकको नेतृत्व नेपाली कांग्रेस बाहेक अरु कसैले गर्न नसक्ने दावी गर्दै उनले भने-'२००७ सालदेखि नै नेपाली कांग्रेसले मुलुक र नेपाली जनताको क्रान्तिको नेतृत्व गऱ्यो, नेपालको नयाँ संविधान निर्माण पनि कांग्रेसकै नेतृत्वमा भयो । अब संविधानको सफल कार्यान्वयन पनि कांग्रेसकै नेतृत्वमा हुन्छ ।' संविधान निर्माण गर्न बनेका ४ वटा कम्युनिष्ट नेतृत्वको सरकारले नसकेको भन्दै नेता श्रेष्ठले कांग्रेसले नेतृत्व गरेको छोटो समयमै सफलतापूर्वक सम्पन्न गरेर देशलाई निकास दिएको स्पष्ट पारे । संविधान जारी भएपछि केही समूहले विरोध गर्दै उनले आन्दोलन गरेको भएपनि व्यवस्थापिका संसदमा पेश भएको विधेयकपछि सबै समस्या समाधान हुने दावी गरे ।

कांग्रेसको आगामी महाधिवेशन मा कास्कीले केन्द्रीय पदाधिकारीमा दावी गर्नुपर्नेमा जोड दिदै नेता श्रेष्ठले कांग्रेसको हरेक संगठन चुस्त-दुरुस्त बनाउन कास्की कांग्रेसले नै सक्रियता देखाउनुपर्ने बताए । कार्यक्रममा केन्द्रीय सदस्य बालकृष्ण खाँडले प्रजातन्त्रमा कांग्रेसभित्र विवाद हुनु स्वभाविक भएको बताए । पार्टीभित्र विवाद हुन्छन् तर त्यसको व्यवस्थापन महत्वपूर्ण पक्ष भएको भन्दै उनले त्यस विवादले दुरगामी रुपमा पार्ने असरबारे ध्यान पुर्याउनु पर्नेमा जोड दिए । 'नेपाली कांग्रेस पार्टी सधैं प्रतिपक्षमा बस्दैन' उनले भने-'महाधिवेशनपछि कांग्रेसले मुलुकको नेतृत्व लिन्छ ।' कांग्रेस सुधिएमात्र प्रजातन्त्र बलियो हुने भन्दै नेता खाडले नेपाली कांग्रेसको अबको नेतृत्व सक्षम व्यक्तिलेमात्र गर्नुपर्नेमा जोड दिए । उक्त अवसरमा अर्का केन्द्रीय सदस्य विश्वप्रकाश शर्माले मुलुकको हितका लागि सबै पार्टी मिल्नुको विकल्प नरहेको स्पष्ट पारे । कार्यकर्ता भेला कास्की सभापति एवं सांसद यज्ञबहादुर थापाको अध्यक्षतामा भएको थियो ।

नेपाली कांग्रेस कास्कीले शनिवार पोखरामा आयोजना गरेको कार्यकर्ता भेलामामा नेता गोपालमान श्रेष्ठ ।

यसैबीच नेपाली कांग्रेसका केन्द्रीय सदस्य बालकृष्ण खाँडले विपि कोइराला नेपालको मात्र नभै प्रजातान्त्रिक समाजवाद विचारको दृष्टिकोणबाट विश्वको नेता भएको बताएका छन् । 'वर्तमान सन्दर्भमा नेपाली राजनीति' विषयक पोखरामा आयोजित विचार गोष्ठी तथा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै पूर्वमन्त्री समेत रहेका खाँडले विपिको विचारलाई कांग्रेसका कार्यकर्ताले छोड्दा पार्टी कमजोर भएको बताए । नेता खाँडले राष्ट्रियता र लोकतन्त्र कसैले हरण गर्न नसक्ने भन्दै वर्तमान ओली नेतृत्वको सरकार उखान टुक्काबाट सुरु भई रत्यौलीमा पुगेको बताए । छिमेकी राष्ट्र तथा अन्यमा कुटनीतिक रुपले फेल भएको सरकारले भूकम्प पीडित तथा नकाबन्दीबाट चौपट जनजीवन र उद्योगीलाई कुनै राहत दिन नसक्ने उनले बताए । विपि चिन्तन प्रतिष्ठान कास्कीका संयोजक भविन्द्रराज आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा युवा नेता विश्वप्रकाश शर्माले नेपाली कांग्रेस उत्साहित भएर लाग्न सबैमा आग्रह गरे । विपिको बाटोलाई राजा महेन्द्र, मदन भण्डारी र प्रचण्डले ढिलो गरी बुझ्दा नेपाली जनताको हत्या र राष्ट्रको विकास हुन नसकेको ठोकुवा गरे । विपिको विचार माले, मण्डले र मसालले समेत स्वीकारेको स्पस्ट पार्दै कार्यकर्ताले निराशा नभै प्रतिष्पर्धामा नै प्रेम भावले हेर्न अनुरोध गरे । आन्तरिक प्रतिष्पर्धामा प्रतिद्वन्दी ठान्ने संस्कार विपिले नसिकाएको भन्दै पार्टीको जीवनमा नविनता थप्दै आत्मबल सुधार लाग्नुपर्ने बताए । प्रतिष्ठानका सचिव देवेन्द्र रानाभाटको सञ्चालन र दीपक वाँस्तोला, नेपाली कांग्रेस कास्की सभापति यज्ञबहादुर थापाले आत्मनिन्दा बढ्यो भने आत्मदाहमा परिणत हुने भन्दै कम बुझेर कांग्रेसले यसो गऱ्यो, उसो गऱ्यो, बर्बाद पाऱ्यो भन्ने छुट कसैसंग नभएको तर्क राखेका थिए । कार्यक्रममा कांग्रेस नेतृ शारदा पौडेल, बुन्दा राना, नेता शोभियतबहादुर अधिकारी, खेमराज पौडेल, कृष्ण के.सी., देवराज चालिसे, गुरु घिमिरे लगायतले संविधान सभाबाट संविधान त्यागेर विपिको सपना पुरा गर्न कांग्रेस सफल भएको भन्दै १३औं महाधिवेशन एकताको महाधिवेशन बनाउनुपर्नेमा जोड दिएका थिए । उनीहरुले पार्टीको गतिशिलता र ओनर्सिप लिन नसक्दा नजान्दा कांग्रेसको भविष्य कमजोर भएको बताएका थिए । समाजको आवश्यकतालाई नेपाली कांग्रेसले पुरा गर्नु पर्ने भन्दै एक व्यक्ति एक पद र भागवण्डाको राजनीति अन्त्य हुनुपर्नेमा समेत जोड दिएका थिए ।

भूपीको विशेष सम्झना

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

नेपाली कविताको मानक कविका रुपमा परिचित भूपी शेरचनको ८०औं जन्मजयन्ती मुलुकभर मनाउनेक्रम जारी छ । उनको सम्झना गर्न शनिवार पोखरामा पनि विशेष कार्यक्रम आयोजना भयो । उनको सम्झना गर्न आगामी पौष १० गते पनि विशेष कार्यक्रम गर्ने बताइन्छ । उनको सम्झना गर्न शनिवार पोखरेली युवा सांस्कृतिक परिवारले विशेष कवि गोष्ठी एवं कविता वाचन कार्यक्रम आयोजना गरेको थियो । गोष्ठीमा भूपीद्वारा रचित कविता पोखरामा क्रियाशील ६ जना कविहरुले वाचन गरे । उनको कविता सुन्न पोखरा उद्योग वाणिज्य संघको अमृत कक्षामा दर्शक र श्रोताहरु खचाखच थिए । त्यस अवसरमा कवि प्रकाश घिमिरे, ईश्वरमणि अधिकारी, जीवन सागर भण्डारी, सरस्वती प्रतिक्षा, मन क्षेत्री र दिनेश श्रेष्ठले कविता वाचन गरेका थिए । त्यस अवसरमा करिब २० जना कवि एवं कवयत्रीहरुले समय सान्दर्भिक कविता प्रस्तुत गरेका थिए । कविता प्रस्तुत गर्नेहरुमा सुमन लम्साल, सौगात पोखरेल, सुरज उपाध्याय, अमृत सुवेदी 'गुराँस', कल्पना चिलवाल, ऋतु अधिकारी, अल्पज्ञानी, शरण आँशु, लक्ष्मी थापा, कपिल अज्जान, दुर्गाबहादुर शाह बाबा, इन्द्र राना, दीपक सीमर, निष्प्रभ, सूर्य खड्का विश्वर्ची, रुपिन्द्र प्रभावी कटु, डा. वसन्त गौतम, डा. चैतन्य अधिकारी, प्रकट पगेनी शिव र तेजनाथ घिमिरे लगायतले आफ्नो रचना वाचन गरेका थिए ।

वि.सं. १९९३ सालमा मुस्ताङ जिल्लामा जन्मिएका कवि शेरचनको 'घुम्ने मेच माथि अन्धो मान्छे', 'नयाँ फयाउरे', 'निर्भर र भूपि शेरचनका कविता' लगायतका कृतिहरु प्रकाशित छन् ।

भूपीको सम्झना गर्दै कवि तीर्थ श्रेष्ठले भूपि कवि मात्र होइनन्, शिक्षासेवी, खेलकूदकर्मी पनि रहेको बताए । उनले भूपीसंग आफूले भोगेका र बिताएका पलहरु सम्झिए । उनले भने-'भूपी पोखरा लामाचौरमा रहेको गण्डकी बोर्डिङ स्कुलका संस्थापक सदस्य सचिव तथा क्रिकेटर समेत हुन् साथै उनी सबैभन्दा राम्रा पियक्कड पनि हुन् ।' भूपीको धेरै कुरा उत्खनन गर्न बाँकी रहेको भन्दै उनले राज्यले भूपीलाई जुन सम्मान दिनु पर्ने हो सो नदिएकोमा गुनासो गरे ।

कार्यक्रममा बोल्दै पाखरा उपमहानगरपालिकाका कार्यकारी अधिकृत भलकराम अधिकारीको पोखरालाई साहित्यिक राजधानीको रुपमा विकास गर्न आफूले सक्दो सहयोग गर्ने बताए । उनले आफू साहित्यकार नभएपनि साहित्यमा राम्रो रुचि रहेको स्पष्ट पारे । आगामी नगर परिषदमा साहित्य सम्बन्धी विशेष प्रस्ताव समेत लिएर आउने उनले स्पष्ट पारे । पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष सुरेश रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रम संयोजक एवं साहित्य संयोजक प्रकाश ज्वाली, सचिव अर्जुन अधिकारीले पनि बोलेका थिए ।

नेपालको संविधानले आत्मसात गरेका मूल्य, मान्यता र सिद्धान्त

- नेपालको संविधानले आत्मसात गरेका मूल्य, मान्यता र सिद्धान्त
- नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्ने ।
- जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गरिएको ।
- राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको स्मरण गर्दै शहीद तथा बेपत्ता र पीडित नागरिक प्रति सम्मान प्रकट ।
- बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावको संरक्षण एवं प्रवर्धन ।
- वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण ।
- जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने प्रतिबद्धता ।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धि गर्ने उद्देश्य ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

गैरकानूनी व्यापार सबैको साझा समस्या-व्यवसायीहरू

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

गैरकानूनी ढंगले संचालित व्यापार नै सबै व्यवसायीहरुको साझा समस्या भएको शनिवार पोखरामा आयोजित एक कार्यक्रमका वक्ताहरुले बताएका छन् । व्यवसायीहरुले पोको बोकेर घर-घर, टोल-टोल पुग्ने व्यवसायीलाई गैरकानूनी व्यापार भन्दै आएका छन् । उनीहरुले गैरकानूनी व्यवसाय शदिऔंदेखि चल्दै आइरहेको भएपनि सरकारको नीति र व्यवसायीबीच एकता हुन नसक्दा व्यवसायीका यो समस्या ज्यूंका त्यूं रहेको बताएका छन् । वक्ताहरुले भनेका छन्-'सरकारको नीति अस्पष्ट छ, कसैले आवाज उठाउन पाउँदैन, यसमा पनि व्यवसायीहरु एकजुट हुन सकेका छैनन् ।' सबै व्यवसायीहरु एकजुट भएर आवाज उठाउने हो भने सरकारले पनि स्पष्ट नीति ल्याउने पोखराका व्यवसायीहरुले दावी गरेका छन् । 'गैरकानूनी व्यापारका कारण वैधानिक व्यवसायीलाई समस्या त छँदैछ, उपभोक्ताले ठगिनुपनि एकातिर छ भने राज्यलाई समेत करोडौं नोक्सान भएको छ'-वक्ताहरुले भने ।

पोखरामा रहेका विभिन्न वस्तुगत संघ-संस्थाले गैर कानूनी व्यापारको विषयमा सम्बन्धित निकायमा पटक-पटक ध्यानाकर्षण गराउँदा र आवाज उठाउँदा समेत ती निकायले बेवास्ता गरेको व्यवसायीहरुले आरोप लगाएका छन् । नगरपालिका, आन्तरिक राजस्व कार्यालय, जिल्ला प्रशासनका साथै पोखरा उद्योग वाणिज्य संघमा आफूहरुले पटक-पटक ध्यानाकर्षण गराउँदा समेत बेवास्ता भएको उनीहरुले बताएका छन् । डोके र पोके व्यापारी संगै हिंड्दा नगरपालिकाले डोके व्यापारीलाई मात्र कारवाही गरेको तर पोके व्यापारीलाई त्यत्तिकै छोडेको उनीहरुले गुनासो गरे । कार्यक्रममा बोल्ने क्रममा कतिपय व्यवसायीहरुले समस्यको जग व्यवसायी नै रहेको भन्दै गैरकानूनी व्यापार गर्न खोज्नेलाई सामान नै नदिने वातावरण सृजना गर्नुपर्नेमा जोड दिएका थिए । उनीहरुले भने-'होलसेल गर्ने व्यवसायीले गैरकानूनी व्यापार गर्नेलाई सामान नै नदिने हो भने यो समस्या स्वतः हटेर जान्छ । यसका लागि होलसेल गर्ने व्यवसायी सचेत हुनुपर्छ ।' आफूहरुको समस्या घरभाडा समेत भएको उनीहरुले बताएका छन् । उनीहरुले भनेका छन्-'घरधनीसंग कहिल्यै कुरा मिल्दैन, घरधनीसंगको टकरावकै कारण व्यवसायीले व्यवसाय छोड्नुपर्नेसम्मको अवस्था आएको छ ।'

पोउवासंघले समेत आफूहरुको समस्या नबुझेको आरोप लगाइरहँदा कार्यक्रममा सहभागी पोउवासंघका अध्यक्ष चिन्दुकुमार थापाले सबै व्यवसायीको समस्या साझा भएकाले पोउवासंघ चुप लागेर नबस्ने स्पष्ट पारे । पोखरामा रहेका कपडा व्यवसायीहरुको छाता संस्था कपडा एशोसिएशन पोखराको १६औं वार्षिक साधारणसभाको उद्घाटन गर्दै उनले सबै व्यवसायीलाई एकजुट गराएर समस्याको समाधान गर्न आफू प्रतिवद्ध रहेको स्पष्ट पार्दै त्यसका लागि आफूले सक्दो पहल गर्ने बताए ।

'गैरकानूनी व्यापार सबै उद्योगी व्यवसायीका एकैसाने समस्या हुन्, यो समस्याको समाधानमा एकलै मात्र केही गर्न सक्दैन, सबैबीच एकताको खाँचो छ',थापाले भने-'सबै व्यवसायी एकजुट भएर नियमक निकायलाई दवाव दिन सके उपयुक्त नीति बन्छ र कार्यान्वयनमा ल्याउँछ । तबमात्र समस्याको समाधान हुन्छ ।'

अर्का प्रसङ्गमा थापाले भूकम्प, मधेश आन्दोलन र नाकाबन्दीले नेपालीको जनजीवन संकटमा परेको बताए । गत वैशाखको भूकम्पले ७ खर्ब र नाकाबन्दीले १० खर्ब बराबरको नोक्सान पुर्याएको भन्दै उनले ती नोक्सानलाई परिपूर्ति गर्न धेरै समय लाग्ने बताए । उनले भने-'भूकम्प र नाकाबन्दी राष्ट्रिय समस्या भएकाले धैर्य गर्दै समस्या समाधानका सबै लाग्नुपर्छ ।' घरभाडा, गैरकानूनी व्यवसाय व्यवसायी तथा उद्योगीहरुको समस्या रहेको भन्दै थापाले यो समस्यामा पोखरा उद्योग वाणिज्य संघ प्रतिवद्ध रहेकोले पोउवासंघको अभियानमा सबै वस्तुगत संघ तथा व्यवसायीहरु लाग्नुपर्नेमा जोड दिए । उनले जनवरी महिना लाग्नासाथ पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको शिलान्यास हुने बताए । उनले भने-'मुआब्जाको विषय टुंगिसकेको छ । डिसेम्बर महिनाभित्र चीनसंग आवश्यक सम्झौता हुने र जनवरी महिनामा शिलान्यास हुन्छ ।' उनले विमानस्थल निर्माण संगै पोखरा अन्तर्राष्ट्रिय सहरको रुपमा विकास हुने दावी गरे ।

कार्यक्रममा हार्डवेयर एशोसिएशन पोखराका अध्यक्ष प्रेम पौडेलले पेशा र व्यवसायलाई व्यवस्थित ढङ्गले संचालन गर्नुपर्नेमा जोड दिए । उनले समस्या छ भनेरमात्र हुँदैन, समस्या कहाँबाट आयो भनेर खोज्नुपर्नेमा जोड दिए । उनले हार्डवेयर व्यवसायमा पनि गैरकानूनी व्यापार मौलाउँदै गएकोमा चिन्ता प्रकट गरे ।

वृद्ध विशालबजार व्यापारिक एशोसिएशनका अध्यक्ष बलराम गौतमले गैरकानूनी व्यवसायलाई प्रोत्साहन दिने सबै व्यवसायीहरु नै रहेको स्पष्ट पारे । 'गैरकानूनी व्यवसायको विकस हुनुमा हाम्री व्यवसायी नै जिम्मेवार छौं', उनले भने-'गैरकानूनी व्यवसाय गर्नेहरुलाई निरुत्साहित पार्ने हो भने होलसेल व्यवसायीले सामान दिन रोक लगाउनुपर्छ ।'

कपडा व्यवसायी एशोसिएशनका अध्यक्ष यामनाथ तिमिल्सिनाले गैरकानूनी व्यवसायीलाई निरुत्साहित पार्न आफू र आफ्नो संस्थाले पटक-पटक पहल गरेको भएपनि जिम्मेवार निकाय गैरजिम्मेवार भएको बताए । आफूहरुको मागमा पोखरा उद्योग वाणिज्य संघले नै ध्यान नदिंदा आफूहरुको चित्त दुखेको उनले गुनासो गरे ।

उक्त अवसरमा एशोसिएशनका सदस्य शिव सापकोटाले संस्था चलाउन पद्धति आवश्यक पर्ने भएकाले पद्धति बसाल्न नेतृत्व जागरुक हुनुपर्नेमा जोड दिए । व्यवसायीहरुका थुप्रै समस्या छन्, ती समस्या समाधानमा एकता छैन, प्रश्न गर्दै उनले भने-'जब व्यवसायी बीच नै एकता हुँदैन अनि समस्या समाधान कसरी हुन्छ ?'

कार्यक्रममा संस्थाका उपाध्यक्ष एवं कार्यक्रम संयोजक विष्णु प्रसाद तिमिल्सिना, एशोसिएशनका महासचिव नविन नापित, कोषाध्यक्ष, जीवन प्रकाश श्रेष्ठ, फुलोरिड एण्ड फर्निसिड व्यवसायी संघका अध्यक्ष रहमोहन सुवेदी, कस्मेटिक्स व्यवसायी संघका अध्यक्ष विष्णु प्रसाद वाँस्तोला, फेन्सी तथा रेडिमेड व्यवसायी संघका अध्यक्ष गिरीधारी अधिकारी, खुद्रा तथा किराना व्यवसायी संघका अध्यक्ष धनीराम बराल, भाँडा व्यवसायी संघका अध्यक्ष कुश कार्की लगायतले गैरकानूनी व्यवसाय सबै व्यवसायीका साझा समस्या भएकाले एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिएका थिए । उनीहरुले शनिवार पसल बद गर्ने हुने र नहुनेमा समेत आ-आफ्ना धारणा राखेका थिए । उनीहरुले कसैले शनिवार पसल बन्द गर्नुपर्छ भनेका थिए भने कतिपयले शनिवार पसल बन्द गर्नुहुँदैन भनेका थिए ।

कार्यक्रममा अगुज व्यवसायी चक्रपाणि वाँस्तोला, गतवर्षको एसएलसी परीक्षामा सर्वोच्कृष्ट अंक ल्याउने संस्थाका सदस्यका छोराछोरीहरु मध्ये सागर सुवेदी र इशा गोयललाई सम्मान गरिएको थियो ।

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ नै किन ?
- तपाईले खोज्नेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ मेशिन प्रयोग गरिने,
- यहाँको माया, सद्भाव र विश्वासको विस्तारताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कुल र विद्यालयका सम्पुर्ण पोशाकका लागि ।

हजौं वाचले सधैं बबिन टेलरिङ्मा सिलाई बिनुहुन्छ.....
बबिन टेलरिङ् सर्टिङ् एण्ड सुटिङ्
हुलाकमोड, बेगै, म्यागदे, पोखरा (माटाघरी बेगै)
फोन: ०६१-३२०५८० मोबाइल: ०६१-३२०४२०
DIGJAM ASHWIN OCM Bedi RAYMOND

■ पुरानो कोट लगाउ र नयाँ पुस्तक किन ।

- थोरो

सम्पादकीय . .

खाँचो कानून कार्यान्वयनको

लामो विवाद र बहसपछि अन्ततः भूकम्पपछिको पुनर्निर्माणसम्बन्धी कानून बनेको छ । भूकम्प गएको पौने नौ महिनापछि पुनर्निर्माण कानून बनेको छ । यति गम्भीर र संवेदनशील विषयमा देखिएको दलहरुको गैरजिम्मेवारीपनको त जति आलोचना गरे पनि कमै हुन्छ, यद्यपि ढिलै भए पनि कानून बन्नु सकारात्मक घटनाक्रम हो । व्यवस्थापिका-संसदबाट सर्वसम्मतरुपमा कानून बनेपछि अब पुनर्निर्माण र नवनिर्माणले गति लिने अपेक्षा गरिएको छ । हुन त कानूनकै अभावमा यो कामले अहिलेसम्म गति लिन नसकेको होइन तर पनि कानूनले पुनर्निर्माण र नवनिर्माणको काम अगाडि बढाउन बाटो खोल्नेछ । कानून निर्माण भएसँगै अब चाँडै पुनर्निर्माण प्राधिकरण गठन हुनेछ । प्राधिकरण गठनसँगै अन्तर्राष्ट्रिय दाताहरुले दिने सहयोग परिचालन गर्न सजिलो हुनेछ । अहिले यससम्बन्धी कानून र आवश्यक संयन्त्र नहुँदा अन्तर्राष्ट्रिय दाताहरुले सहयोग दिन मानिरहेका छैनन् । यसअघि सहयोग घोषणा गरेकाहरुले पनि विभिन्न आशका गरेर सहयोग दिन मानिरहेका छैनन् । उनीहरुले बैंवता र पारदर्शिता खोजेका छन् । कम्तिमा छुट्टै कानूनद्वारा स्वायत्त निकाय गठन भयो भने त्यसमाफर्त सहयोग गर्न सकिने दात्मुलुकहरुको भनाइ छ । यो हिसाबले हेर्दा आर्थिक स्रोत संकलन र परिचालनका लागि यो कानून र यसका आधारमा गठन हुने प्राधिकरणको महत्वपूर्ण भूमिका हुनेछ । अहिले भूकम्प प्रभावित क्षेत्रको अवस्था निकै दयनीय छ । लाखौं जनता अहिले पनि पालमुनि बसिरहेका छन् । वर्षातमा उनीहरु पालमुनि बसे । अहिलेको चिसोमा पनि उनीहरु पालमुनि बसिरहेका छन् । आजको आजै उनीहरुलाई घरमा सार्ने काम त नहोला तर कम्तिमा आउँदो वर्षातसम्म भूकम्पपीडितहरुलाई घरमा फर्काइसक्नुपर्छ । यो उद्देश्यका साथ अब पुनर्निर्माण र नवनिर्माणको काम अघि बढाइनुपर्छ । त्यसका लागि जतिसक्दो चाँडो पुनर्निर्माण प्राधिकरण बनाइनुपर्छ । प्राधिकरणलाई सक्रिय बनाएर अन्तर्राष्ट्रिय समुदायबाट आउने स्रोतको सही परिचालन गर्न सकियो भने १४ जिल्लाका भूकम्पपीडितलाई पुनस्र्थापित गर्न नसकिने कुनै कारण छैन । अब बन्ने प्राधिकरणमा सत्तारुढ र प्रतिपक्षको प्रतिनिधित्व रहने भएकाले यसमा राजनीतिक हस्तक्षेप वा खिचातानीको कुनै गन्ध आउन दिनु हुँदैन । त्यो त हाम्रो विगत झस्काउने खालकै छ । भूकम्प गएको आठ महिनासम्म कानून पारित नहुनु राजनीतिक खिचातानीकै परिणाम थियो । प्राधिकरण प्रमुखमा देखिएको विवादका कारण यसमा ढिलाइ भएको थियो । अब कानूनले नै स्पष्ट व्यवस्था गरिसकेपछि यसमा कुनै विवाद बाँकी रहेन । आगामी दिनमा कानूनलाई अक्षरशः पालना गर्दै प्राधिकरण गठन गरेर पुनर्निर्माण र नवनिर्माणको काम प्रभावकारीरुपमा अगाडि बढाइनु आवश्यक छ । पुनर्निर्माण र नवनिर्माणको सबालमा अन्तर्राष्ट्रिय समुदायले आशका गरेको मुख्य विषय यसमा हुनसक्ने अनियमितता हो । यसअघि पीडितका लागि भएको त्रिपाल खरिद प्रकरणमा अनियमितता भएकै हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले करोडौं अनियमितता भएको सार्वजनिक गरिसकेको छ । हुन त अख्तियारले अनुसन्धान गरी मुद्दा दायर गर्नुपर्नेमा बढी हल्लाखल्ला गरेको टिप्पणी नभएको होइन तर पनि केही न केही अनियमितता भएको साँचो हो । पछिल्लो समयमा भूकम्प पीडितका नाममा आफ्नतलाई विदेश शयरमा पठाएको घटनाबाट पनि के बुझ्न सकिन्छ भने अहिलेसम्म भूकम्पपीडितलाई राहतभन्दा पनि यसका नाममा दुरुपयोग गर्ने क्रम रोकिएको छैन । अब गठन हुने प्राधिकरणमा अनियमितताको हावा चल्न दिनुहुँदैन । यसमा अनियमितताको संकेत देखिने बित्तिकै विदेशी दाताहरुले सहयोग रोक्नेछन्, त्यस्तो अवस्थामा फेरि पनि पुनर्निर्माण र नवनिर्माणको काम अलपत्र पर्न सक्छ । अब कुनै पनि बहानामा यो क्रम रोकिनुहुँदैन । अब एकपटक सरकारले सम्पूर्ण ध्यान पुनर्निर्माण र नवनिर्माणमा दिनु जरुरी छ ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल पौष ५ गते आइतबार, तदनुसार विसाम्बर २० सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पश्चीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार मार्गशीर्षशुक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज मार्गशीर्षशुक्लपक्षको दशमी तिथि ४७ घटि ३७ पला अर्थात रातिमा १ बजेर ५४ मिनेटसम्म त्यसउप्रान्त एकादशी तिथि लाग्नेछ । आज सूर्य धनु राशिमा, चन्द्रमा मीन राशिमा अहोरात्र रहनेछ । आज दिनमान २४ घटि ५० पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ५१ मिनेटमा रौद्र मूहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ११ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : पारिवारिक विरोध खेप्नुपर्ने, आफ्नै पेशाबाट घाटा हुन सक्ने, सामाजिक कचिलोले गर्दा दिनभर चिन्ता पर्नेछ ।

वृष : आम्दानीमा गिरावट आउनेछ, समय विवादित रहनेछन, चुनौतिमाथि चुनौति थपिनेछ चनाखो हुनुहोला ।

मिथुन : मित्रहरुबाट सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिबढ्ने, एकमुष्ठ रकम संकलन हुने, स्वादिष्ट व्यञ्जन प्राप्त हुने ।

कर्कट : पुरानो कार्यबाट आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरु बढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ ।

सिंह : शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसंग सुमधुर रहन सक्नेछन्, आदर सत्कार पाइनेछ ।

कन्या : आफ्नै पेशाबाट नोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पढाईमा मन नजाने, समय खराब छ सतर्क रहनुहोला ।

तुला : नयाँ मित्रसँग भेट, आर्थिक क्षेत्रबाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपूर्ण रहनेछ ।

वृश्चिक : दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरु सक्रिय हुदै जान सक्नेछन्, स्वास्थ्य हानी समय तथा दिन खराब छ ।

धनु : स्वास्थ्यमा क्रमिक सुधार आउनेछ, सापटी दिएको धन प्राप्त हुनेछ, दिन शुभ छ उपयोग गर्नुहोला ।

मकर : पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता बढ्दै जानेछ, नकारात्मक सोचाईले गर्दा आफैलाई घाटा हुनेछ ।

कुम्भ : स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जोसँग पनि विवाद पर्न सक्नेछ, चनाखो हुनुहोला ।

मीन : एक्कासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

विचारको क्षेत्रमा कहाँ चुक्यो एमाओवादी ?

विकेश श्रेष्ठ 'कुशल'

नेपाली कम्युनिष्ट आन्दोलनमा माओवादको वैचारिक प्रभाव शुरुवेखि नै रह्यो । खास गरि झापा वर्गसंघर्षदेखि माओवादी जनयुद्ध नै त्यसका तथ्य हुन् ।

निश्चय पनि झापा संघर्षको यान्त्रिकता र वैचारिक राजनीतिक अस्पष्टता तथा त्यसको असफलताबाट माओवादी जनयुद्धको तयारीका लागि ज्वलन्त अनुभवको रुपमा आत्मसाथ भयो । झापा संघर्षको असफलताले त्यसको वालनी र प्रयोगकर्ता माले समूह माओवादबाट विचलित भएको दुई दशकको अन्तरकालमा माओवादी आन्दोलन पुनः शुरु हुनुले माओवादको वैचारिक निष्ठा र आर्कषणको परिणाम हो ।

माओवादी आन्दोलनको वैचारिक-राजनीतिक एवं संगठनात्मक (पछि चार तयारी) विशेष गरी मशाल समूहको पाँचौ महाधिवेशन उपरान्त गति लियो । पाँचौ महाधिवेशनको अवस्थामा विचार, राजनीतिक र नेतृत्वको चुनौति सबाधिक महत्वको प्रश्न बन्यो । त्यसपछि युवा पंक्तिको माओवादतर्फ आर्कषण बढ्यो । तत्कालीन अवस्थामा क्रान्तिकारी चरित्र र अस्तित्वको निम्ति जसको विकल्प थिएन ।

माओवादको प्रयोग र विकास :

नेपाली भूमिमा माओवादी आन्दोलनको करिब तीन दशक पुरा भएको छ । माओवादी विचार, नेतृत्व र संगठनात्मक तयारीको पहिलो दशक ०४२ देखि ०५२, माओवादको प्रयोग जनयुद्धको थालनी । विकासको दोस्रो ०५२-०५३ र शान्ति प्रक्रियाको तेस्रो दशक ०६३-०७२ नेपाली कम्युनिष्ट आन्दोलनको उथलपुथल को तीन दशक रह्यो ।

नेपाली जनक्रान्तिमा माओवादको प्रयोग र विकास प्रारम्भदेखि सिर्जनात्मक र मौलिक रह्यो । माओवादी विचार, नेतृत्व, राजनीतिक र संगठनात्मक तयारी शास्वीय वा अन्धानक्कल भन्दा गुणात्मक रुपले भन्दा गुणात्मक रुपले भिन्न रह्यो, के अर्थमा भने वैचारिक-राजनीतिक, संगठनात्मक तयारीको प्रश्नलाई जन-वर्गसंघर्षको आन्दोलनको आधारसँग जोडिएको थियो । जसको परिणाम माओवादीको वैचारिक आधारसँगसँगै राजनीतिक कार्यदिशा र संगठनात्मक (नेतृत्व) को विकास सम्भव भयो , जो तीन दशकको माओवादी आन्दोलनले नेतृत्वको विकास अकल्पनीय ढंगबाट पुरा गर्यो ।

प्रचण्डपथको सारतत्व

प्रचण्डपथ मार्क्सवाद, लेनिनवाद र माओवादको रक्षा, प्रयोग र विकास मुख्यत : विकासको क्रममा नेपाली जनक्रान्तिको वैचारिक एवं राजनीतिक शप्त्रेशण विशिष्ट तथा मौलिक विचार श्रृखलाको समुच्च रुपको अथ्रमा पार्टीले शप्लेशण गर्ने प्रारम्भिक कोशिष गर्यो । मार्गनिर्देशक सिद्धान्तलाई सिर्जनात्मको रुपमा बुझ्नु र दक्षोसँग पकडनु, नेपाली समाजको विकासको विशिष्ट चरित्रलाई आत्मसाथ गर्नु, संघर्षको विशिष्ट चरित्रको संयोजन र सन्तुलन गर्नु, रणनीति र कार्यनीतिमा जोड र ध्यान दिनेमा पारगंत हुनु, राजनीतिक पहललकदमीमा गतिशिलता र जनपक्षधरताको दृढतामा जोडदिनु, विपरित विचार प्रवृतिको अस्तित्व र औचित्य आत्मसाथ गर्नु, परिस्थितिको अग्रगामी परिवर्तनका लागि नेतृत्वको भूमिकामा पहदकदमी कायम राख्नु प्रचण्डपथको मुख्य वैचारिक एम्म राजनीतिक सारतत्व हुन् ।

प्रचण्डपथको मौलिकता

माओवादी जनयुद्ध दीर्घकालीन र रणनीतिको व्याख्या विश्लेशण भनिएपनि यथार्तमा अल्पकालीन युद्ध र रणनीतिको प्रयोग भयो । जनयुद्धको दश वर्षमो अवधीमा प्रत्याक्रमणको चरणमा जनयुद्धको विकास गरेर एकैसाथ दुई रणनीति पुरा गर्यो । पहिलो कार्य गोलचक्करको अवस्थाबाट जनयुद्ध मुक्त रह्यो, जसको परिणाम यसको प्रभाव विस्तारको गति रोक्न प्रतिक्रियावादी राज्यसत्ता पूर्ण रुपले असफल भयो । दोस्रो कार्य केन्द्रीय राजनीतिक सत्ताको समान्तरक शक्ति केन्द्रको स्थानमा पार्टी र आन्दोलनलाई स्थापित गर्यो । यदि तिव्र गतिमा जनयुद्धको विकास हुँदैनथ्यो भने सशस्त्र संघर्षको दूर्घटना हुन्थ्यो ।

अध्यक्ष प्चण्ड तथा प्रचण्डपथको विशेष्टा कार्यनीतिक गतिशिलतामा तिव्रता दिनुहो । गतिशिलता क्रमभंग, छलाङ र महान पडको प्रचण्डपथको सुत्र बाक्य हो । जनयुद्ध थालनीको ६-७ वर्षको अवधिमा शसस्त्र प्रहरी शक्तिलाई आधार क्षेत्र र छापामार इलाकाबाट विस्थापित गर्नसक्नु र राज्यको मुख्य शैनिक शक्तिलाई सुस्त भित्र रक्षात्मक अवस्थामा पुर्याउन तीन वर्ष मात्र खर्चिनु परेको थियो । केही दर्जन सख्याको छापामार दस्ताको तिव्र विकासले जनयुद्धको पाँचौ वर्षको निरन्तरताको क्रममा निर्यामत जनमुक्ति सेनाको स्थापना र तिव्र विकासमा प्चण्डपथको मौलिकता विम्बित छ । जनमुक्ति सेनाको डिभिजनस्तरको फर्मेशन र लाँखौ सख्यांमा जनमिलिसियाको परिचालन जनयुद्धको तिव्रतम विकासका उदारण हुन् ।

रणनीतिक उद्देश्य प्राप्तिका लागि कार्यनीतिक गतिशिलताको परिणाम जनयुद्धको विकासको तिव्रतासँगसँगै जनयुद्धको शान्ति प्रक्रियामा रुपान्तरण गर्नु शान्ति प्रक्रिया यथासम्भव चाडो सम्पन्न गर्न पार्टीको सम्पूर्ण रुपले जोड दिन आन्दोलनका तिव्रतम विकासका उदारण हुन् ।

शान्ति प्रक्रियामा रुपान्तरण :

जनयुद्धको शान्ति प्रक्रियामा पडको भएपश्चात माओवादी अर्थात प्रचण्डपथमा संशय व्याप्त भएको हो । माओवादी विचार, राजनीतिक कार्यदिशा अन्त्यील बन्नु, वैचारिक अस्पष्टता र राजनीतिक अन्यौलतको स्थिति माओवादी पार्टी र आन्दोलन अध्यारो सुरु भित्र परेको अनुभूति आम रुपले परेकै हो । माओवादी पार्टी-आन्दोलनको भविष्य अन्धकारमय देख्नेहरु कम थिएनन् । जसको परिणाम माओवादी पार्टी एकपछि अर्को श्रृखलामा बिभाजन र विघटन उन्मुख अवस्था सामना गर्नुपर्यो ।

माओवादी आन्दोलन अर्थात माओवादीको प्रयोगको विश्वस्थितिको अनुभवका दृष्टिवाट हेर्दा स्यम माओको नेतृत्व र चिनियाँ जनवादी क्रान्ति बाहेक कुनै पनि मुलुकको माओवादी प्रयोग सफल भएको देखिदैन । विसौं शताब्दीको पाँचौ, छैठौं र सातौं दशक माओवादी आन्दोलनले विश्वस्तरमा नयाँ कम्युनिष्ट उभार ल्याएको हो । परन्तु, सबै माओवादी आन्दोलन असफल मात्र भएनन्, अपितु कम्युनिष्ट आन्दोलन तथा पार्टीहरु चरम संकटको अवस्थामा छ । यो अवस्था हुनुमा माओवादलाई बुझ्ने र प्रयोग गर्नेहरुमा भर पर्ने नेपाली माओवादी आन्दोलनको सापेक्षित सपलताले पुष्टी गर्यो । माओवादको प्रयोग तथा जनयुद्धको शान्ति प्रक्रियामा रुपान्तरण गरेर राजनीतिक लक्ष्य सापेक्षित रुपले सफल भएको माओ र तत्कालीन चिनियाँ कम्युनिष्ट पार्टी पछि नेपाली माओवादी आन्दोलन र प्चण्डको नेतृत्व तथा प्चण्डपथ नै हो । यद्यपी नेतृत्व पंक्तिको कतिपय अवस्थामा तदर्थवादी, उपयोगवादी, मनोगत कार्यशैली र आत्मकेन्द्रित व्यक्तिवादी हावी नभएको होइन । राजनीतिक उत्सर्गमा पाटीका मुल नेतृत्व आन्तरिक र बाह्य हस्तक्षेपको कैयौ रणनीतिक शिकार बन्दै आएको घटनाक्रम पार्टी र जनतामा छिरेको छैन् ।

माओवादी विचारको सिर्जनात्मक प्रयोगको दृष्टिले जनयुद्धको पहल, जनयुद्धको नेपाली चरित्रको मौलिक विकास, जनयुद्धको शान्ति प्रक्रियामा रूपान्तरण तथा संविधानसभाद्वारा राज्य पुनर्संरचना (अपूर्ण) सहितको नयाँ संविधान प्राप्त गर्नु माओवादी आन्दोलन सापेक्षिक रूपले सफल भएको छ ।

प्रचण्डपथको पुष्टि :

मार्क्सवाद-लेनिनवाद र माओवादको रक्षा, प्रयोग र विकास क्रममा नेपाली क्रान्तिको विकास श्रृंखला प्चण्डपथ संश्लेषण गर्ने प्रयत्न भयो । तर यसको पुष्टि भैसकेको थिएन । जनयुद्धको उत्कर्षबाट शान्ति प्रक्रियामा फड्को भएको करिबन दश वर्ष अवधिको अत्यन्त पेचिलो वर्ग राजनीतिक संघर्ष, आन्तरिक (पार्टी) तहसनहस (विभाजन र विघटनको पराकाष्ठा नाघ्दा पनि) हुँदाको चुनौति सामना गरेर भए पनि पाटीको मूल विचार र राजनैतिक एजेण्डालाई केन्द्रबिन्दु बनाएर शान्ति प्रक्रियालाई राज्य पुनर्संरचनामा टुंगोमा पुर्याउनु प्चण्डपथको औचित्य पुष्टि हुनु हो । प्चण्डपथ मुख्यतः तीन दशकदेखिको माओवादी आन्दोलन (जन वर्गसंघर्ष एवं विचारधारात्मक संघर्ष) को अर्थ औचित्य र आवश्यकता पुष्टि भएको छ । शान्ति प्रक्रियाको लक्षित राजनीतिक एजेण्डा संविधानसभा बाट राज्य पुनर्संरचना (यर्थाप यो पूर्ण छैन) सहितको संविधान जारी गर्नु प्चण्डपथको वैचारिक एवं राजनीतिक औचित्य पुष्टि हुनु हो । शान्ति प्रक्रियाको लक्षित कार्यभार पूरा नहुँदासम्म माओवादी आन्दोलन पार्टी र प्चण्डपथको भविष्य अन्योलग्रस्त थियो, जसको परिणाम पार्टी र आन्दोलनका पथगामी तथा अनुगामीहरुमा निराशा र विचलन व्याप्त रूपमा प्रकट भएको अवस्था जगजाहेर छ । माओवादी पार्टी र आन्दोलन विघटन र विसर्जनको अवस्थाबाट बचाउने तत्कालका लागि एकमात्रै अचुक उपाय शान्ति प्रक्रियाको सफल प्रयोग संविधान सभाबाट राज्य पुनर्संरचनासहितको नयाँ संविधानमा जनयुद्ध तथा आन्दोलनको राजनीतिक उपलब्धिको संस्थागत गर्नु थियो, सम्भव भयो ।

निश्चय पनि शान्ति प्रक्रिया र संविधानसभाबाट राज्य पुनर्संरचनासहितको नयाँ संविधान माओवादी पार्टी र आन्दोलनको एकल प्रयत्नबाट मात्र सम्भव थिएन । लोकतान्त्रिक र बामपन्थी शक्तिहरूसँगको समझदारी, सहमति र सहकार्यबिना सम्भव थिएन, यो प्रयोग विपरित राजनैतिक तथा वैचारिक धूर्वीय शक्तिहरूबीचको एकता विशिष्ट राजनीतिक परिस्थितिले जुराउँछ र शान्ति प्रक्रियाका नौलो प्रयोगद्वारा राजनीतिक रूपको जनतान्त्रिक क्रान्तिको अध्याय पुरा गर्न सक्छ भन्ने एक्काइसौं शताब्दीको जनक्रान्तिको सन्देश विश्वलाई दिएको छ । यो सत्यलाई गौरवसाथ आत्मसात् गर्न तथा स्वीकार गर्न ढिलो चाँडो कसैलाई गाह्रो पर्ने छैन ।

प्रचण्डपथको वैचारिक फड्को (शिफ्ट) को आवश्यकता :

मार्क्सवाद (मुख्यतः माओवाद) को प्रयोग र विकासको रूपमा प्चण्डपथ विशिष्ट विचार श्रृंखला संश्लेषण भयो तर शान्ति प्रक्रियामा जनयुद्धको रूपान्तरण भएलगतै प्चण्डपथ कोमामा (फ्रिज) गरियो । पार्टी एकता (एकीकृत) गर्ने का लागि वा प्चण्डपथको पुष्टि गर्न बाँकी रहेकाले पार्टी पुष्ट छैन । प्चण्डपथको वैचारिक एवं राजनीतिक अर्थ औचित्य र आवश्यकताबारे प्रष्ट दृष्टिकोण नबनाइकनै पार्टी र आन्दोलनको विचारधारात्मक राजनैतिक आधार निष्क्रिय बनाउँदा चरम रूपको अकर्मण्यता तथा अन्यौलताको अवस्थाको सामना गर्नु परेको स्पष्ट छ । अर्थपूर्ण विषय यो रह्यो कि कोमा (फ्रिज)मा रहेको प्चण्डपथ शान्ति प्रक्रियाको लक्षित राजनीतिक एजेण्डा पूरा हुँदा प्चण्डपथको वैचारिक राजनीतिक औचित्य पुष्टि भइसकेको थियो । फ्रिज गरिएको विचार श्रृंखला शान्ति प्रक्रिया पुरा हुनासाथ कसरी व्यूँतियो र एकाएक पुष्टि भयो ? स्पष्ट हो कि शान्ति प्रक्रियामा प्चण्डपथ पाटीएको कुनै औपचारिक बहस र निर्णयविना अध्यक्ष प्चण्डको स्वनिर्णयले फ्रिज गरिएको थियो । तत्कालीन अवस्थामा पार्टी एकता (एकीकरण)को कार्य सहज गर्न पार्टीको मार्गनिर्देशक विचारको निष्क्रियकरण मात्र गरिएको होइन वरु माओवादको प्रयोग र विकासक्रममा संश्लेषित विचार श्रृंखला अर्थात माओवादी आन्दोलनको जारी विचारधाराको रूपमा पार्टीले आत्मसात गर्न हिच्किचाहटको परिणाम थियो वा जनयुद्धको शान्ति प्रक्रियामा रूपान्तरण (शिफ्ट) भएपश्चात माओवादको प्रयोग र विकास क्रममा पूर्णविराम लागेको ठान्ने सोच पार्टीमा हावी भएकाले माओवादी आन्दोलनको वैचारिक उपलब्धिको न्यूनिकरण हुने परिस्थिति बन्न पुग्यो, निक्र्योल हुन बाँकी छ ।

गौरवसाथ भन्नुपर्छ माओवादी आन्दोलन विघटनउन्मुख हुँदा पनि सहयोग पाउने आशा व्यक्त गरे । कार्यक्रममा विद्यालयका शिक्षिका लक्ष्मी पौडेल, विद्यार्थी विकास विकले सहयोगको प्रशसा गरेका थिए । इनरह्वील क्लबकी सचिव पार्वती पाण्डेले सञ्चालन गरेको सो कार्यक्रममा स्वागत गर्दै विद्यालयकी शिक्षिका एवं क्लबकी कार्यक्रम संयोजक यशोदा वाँस्तोलाले भावी दिनमा पनि सहयोग निरन्तर हुने प्रतिवद्धता व्यक्त गरेकी थिइन् ।

विसर्जन भैसकेको थिएन । माओवादी आन्दोलनका आन्तरिक शक्तिको जागरूकता र जनसमुदायको निरन्तर खबरदारी र मुख्यतः अध्यक्ष प्चण्डको नेतृत्वको सहीपनाको कारणले नै प्चण्डपथ पुष्टिमा रहेन । पार्टी आन्दोलनका आन्तरिक र बाह्य आक्रमण अन्तरध्वंशको अनेक श्रृंखलाको घेराबन्दीको बावजुद माओवादी आन्दोलन र पार्टीको मार्गनिर्देशक विचार परित्याग होइन वरु व्यावहारतः तथा वैज्ञानिक रूपले पुष्टि गर्न पार्टी र मुख्य नेतृत्व निरन्तर संघर्षरत थिए भन्ने तथ्य सिद्ध भयो । यस घटनाक्रमले थप पुष्टि गर्यो कि क्रयान्वित तथा जीवन्त विचारधारा प्रायोजित रूपले मृत घोषणा गरेर वा फ्रिज गरेर त्यसको समाप्ति हुँदैन । विचारधारको प्रश्नमा आग्रह र पूर्वाग्रहले निर्देशित हुँदैन ।

प्चण्डपथ थप पुष्टि भएपश्चात विचारधारात्मक प्रश्नमा मार्ग निर्देशक सिद्धान्त निरपेक्ष तथा जड् हुँदैन । तथ्यहरूबाट उद्घाटित भयो कि कुनै विचार र दृष्टिकोण सिर्जित हुँदो तत् तत् स्थान समय सन्दर्भ र परिस्थितिको समग्र समझ प्रष्ट नगरीकन त्यसको पालन गर्नु सिर्जनात्मकताको विकास गर्नु असम्भव हुन्छ भन्ने अनुभव प्चण्डपथको विचारधारात्मक विकासले पुष्टि गर्यो । प्चण्डपथको वैचारिक स्वत्व भनेको स्थीर वा जड विचारप्रणाली नभई प्रयोगात्मक, संश्लेषणात्मक विचारधारात्मक पद्दति हो । जो निरन्तर गतिशीलता र सृजनात्मकता, वैचारिक प्रतिवद्धता र स्वतन्त्रतामा विश्वास गर्छ ।

विचारधारात्मक विकासको यो मान्यतालाई स्वीकार गर्ने हो भने नेपाली जनक्रान्ति ...(माओवादी आन्दोलन) को रणनीतिक चक्र पूर्ण गरेर प्चण्डपथ विचारधारात्मक रूपले पुष्टि भएको छ । परन्तु पूर्ण भएको छैन । यसकारण प्चण्डपथको विचारधारात्मक विकासमा पूर्णविराम लागेको छैन । यदि यो सत्यलाई स्वीकार गर्दछौं भने यो पनि निष्कर्षमा पुग्दछौं कि प्चण्डपथको विकासमात्र होइन, अपरिहार्य पनि छ । पाटीले निरन्तर रूपले पुनिवद्धता गर्दै आएको मालेमावादको विकासको वैचारिक राजनैतिक आधार बनाउनुको विकल्प तत्कालको अवस्थामा छैन ।

(साभार : रातोपाटी)

मिडटाउन इनरह्वीलद्वारा पोशाक वितरण

पोखरा ४ पुस ।

इनरह्वील क्लब अफ पोखरा मिडटाउनले पोखरा उपमहानगरपालिका वडा नं. १२ ठिकालेश्वरस्थित सरस्वती निम्न माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई पोशाक तथा शैक्षिक सामग्री वितरण गरेको छ । शैक्षिक एवं सामाजिक सेवा अन्तर्गत क्लबले शुक्रवार विद्यालयमै पुगी विद्यालयका विद्यार्थीहरुलाई स्विटर र कापी कलम वितरण गरेको हो । कार्यक्रममा क्लबका अध्यक्ष भक्ति गुरुङले सामग्री हस्तान्तरण गर्दै विद्यालयका विपन्न परिवारका विद्यार्थीलाई सहायोग गर्न पाएकोमा खुसी वक्त गरेकी थिइन् । कार्यक्रममा एवं उपस्थित क्लबका पदाधिकारी एवं अन्य सदस्यहरुले विद्यार्थिहरुलाई सो सामग्री हस्तान्तरण गरेका थिए ।

क्लबका अध्यक्ष भक्ति गुरुङको सभापतित्वमा सम्पन्न सो सामग्री हस्तान्तरण कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि एवं विद्यालयका प्रधानाध्यापक रुद्र रानाभाटले इनरह्वील क्लबको सहयोगको प्रशंसा गरे । उनले यसअघि पनि रोटरी क्लबले विद्यालयमा पिउने पानी र फर्निचरको व्यवस्था गरी सहयोग गरेको बताउँदै आगामी दिनमा पनि सो कार्यक्रम संचालन गरिने बताए ।

अमेरिकन डेल्फोन्याटिक सेक्युरिटी तालिमको अवसर

Abudabi को PSBD : Spark, Middle est-Star Skill Force दुबको DPS : Etisaleel star कतारको Group-4 बहराईन, मकाउ आदि देशहरुमा सेक्युरिटी गार्डमा ज्ञान चाहने व्यक्तिहरुलाई यस प्रा.लि बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्डमा तालिम, अंग्रेजी भाषा र अन्तरवार्तामा तयारी कक्षाहरु संचालन भई रहेको हुँदा इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गरी आफ्नो मौकाको फाईदा उठाउनु होला ।

हाम्रा सेवाहरु :

१. 100% उत्तीर्ण गराउन सफल !
२. आफ्नै मेन पावरबाट प्रोलेस गराइने (फिस लेडर इम्प्लाइमेन्ट सर्भिस प्रा.लि.)
३. DPSL PSBD का Objective & Mobel question Answer को Practical गराइने
४. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पुर्ण रुपमा हासिल गराइने ।
५. १ वर्षमै ३ सय भन्दा माथि सेक्युरिटी गार्ड पास गराउन सफल ।

आर्मर ग्रुप सेक्युरिटी एण्ड सलायर प्रा.लि.

सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर) ९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)

(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, आँमलो पानी आउने, झाँसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

थोनि समस्या: सिङ्ग स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै थौन समस्याको सफल उपचार ।

महिला सम्बन्धि समस्या

महिनावारी गडबढी, सेतोपाडी बग्ने, योनी चिलाउने, तल्लो पेट दाह्रे कम्मर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, थौन स्वाहासमा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- काला धार्रा पोलो, डण्डिफोर, दाग धब्बा, मस्सिना, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

पुरुषी पातलो धारिएको तौल बनाउने पाणी जस्तो पत्रा पतालो ।

थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, दम सासे बाथ, दाह कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शिवाल आयुर्वेद फर्मा

पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र

फोन नं.०६१-५३१८६७, ०६-१२२५४५८, मो. ९८४६१३७४९८

फि होम डेलिभरि

पूर्व कर्मचारी सेवा परिषदमा बराल

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

पूर्व कर्मचारी सेवा परिषद नेपाल कास्की शाखाको आयोजनामा राष्ट्र निर्माणमा पूर्वराष्ट्रसेवकहरुको भूमिका विषयक क्षेत्रीय कार्यशाला गोष्ठी तथा ११ औं साधारण सभा एवं छैटौं अधिवेशन नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ। उद्घाटन मन्तव्य व्यक्त गर्दै मुख्य सचिव डा. सुवेदीले पूर्व राष्ट्रसेवकहरुले आफ्नो ज्ञान तथा सिपलाई बजारीकरण गर्नुपर्ने र आफुले भनेर होइन अरु वा समाजले देख्ने गरि समाजसेवा गर्नु पर्ने धारणा व्यक्त गरेका थिए। सो कार्यक्रममा पूर्वकर्मचारी सेवा परिषद नेपालका केन्द्रीय अध्यक्ष भरत बहादुर थापाले राष्ट्र निर्माणमा पूर्वराष्ट्रसेवकहरुको भूमिका विषयक कार्यपत्र प्रस्तुत गरेका थिए।

सो अवसरमा केन्द्रीय महासचिव रामबाबु नेपाल, प्रमुख सल्लाहकार कृष्ण प्रसाद शर्मा भण्डारी, पूर्वकर्मचारी सेवा परिषद बारलुङ्ग शाखाका अध्यक्ष चिरञ्जीवि श्रेष्ठ, स्याङ्जाका अध्यक्ष शेखर प्रधान, तनहुंका अध्यक्ष तारानाथ घिमिरे, पर्वतका सल्लाहकार याम बहादुर के.सी. र गुल्मीका सचिव शेरजङ बस्नेत समेतका वक्ताहरुले आ-आफ्नो धारणा व्यक्त गरेका थिए।

कार्यक्रममा ७५ वर्ष माथिका नौ जना आजीवन सदस्य र पूर्वकर्मचारीका छोराछोरी मध्ये २०७१ सालको एस.एस.सि. परिक्षामा सर्वोकृष्ट अंक ल्याउने आशिष रिमाल तथा कास्की शाखाको स्थापना, प्रगति र उन्नतिमा विशेष योगदान पुऱ्याए बापत पूर्व अध्यक्ष तथा सल्लाहकार कृष्ण प्रसाद बराललाई सम्मान गरिएको थियो।

छैटौं अधिवेशनमा निर्वाचन संयोजक नबदत दुङानाको निर्वाचन मण्डलले आगामी दुई वर्षको लागि पीताम्बर बरालको अध्यक्षतामा ११ सदस्यीय नयां कार्य समितिको निर्वाचन गरेको छ। समितिको उपाध्यक्षमा केशव प्रसाद ढकाल, सचिव विष्णु प्रसाद भण्डारी, कोषाध्यक्ष भेक बहादुर थापा, र सदस्यहरुमा अनन्तराज लम्साल, भुवानी प्रसाद भट्टराई कृष्ण प्रसाद घिमिरे, टेकनाथ थापा, पुष्पराज भण्डारी, कुन्ति परियार र सिता बराल रहेका छन्।

पीताम्बर बरालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष केशव प्रसाद ढकाल र कार्यक्रम सञ्चालन सचिव रामचन्द्र पौडेलले गरेका थिए।

ड्यामसाइड क्लबमा ढकाल

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

पोखरा १७ मा रहेको ड्याम साईड क्लबको १०औं अधिवेशन शनिवार अध्यक्षमा पुनः पदमबहादुर ढकाल निर्वाचित गर्दै सम्पन्न भएको छ। क्लबको उपाध्यक्षमा प्रताप गुरुङ, सचिवमा रमेशप्रसाद बराल, कोषाध्यक्षमा राकेश श्रेष्ठ, सह सचिवमा पूजन थकाली र सदस्यहरुमा कीर्तिवल्लभ त्रिपाठी, कुमार श्रेष्ठ, रामकृष्ण बराल, प्रदिप बराल, गोपाल परियार र किरण शेरचन निर्विरोध निर्वाचित भएका छन्। संस्थापक कोषाध्यक्ष केशवराज बराल संयोजक तथा सल्लाहकार द्वय राजु सापकोटा र राजु गुरुङ सदस्य रहेको निर्वाचन मण्डलले नवनिर्वाचित कार्य समितिलाई बधाई तथा शुभकामना व्यक्त गरेको थियो। संयोजक बरालले क्लबका पदाधिकारीको पदस्थापन तथा सपथ ग्रहण कार्यक्रम माघ ७ गते गर्ने पनि जानकारी गराएका थिए। पुनः निर्वाचित अध्यक्ष पदमबहादुर ढकालले क्लबले विगतमा गरेका कार्यहरुको निरन्तरता दिदै क्लबको कार्यक्षेत्रमा सम्बन्धित निकायको समन्वयमा सोलार बत्ती जडान गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

च्याण्डम रिडर्समा डार्लिङ हार्बरको चर्चा

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

उपन्यासकार निस्प्रभ सजीको पहिलो उपन्यास 'डार्लिङ हार्बर'को पोखरामा शनिवार चर्चा भएको छ। यसअघि दुई कविता सङ्ग्रहका कवि सजीको पहिलो उपन्यासको चर्चा पोखरामा च्याण्डम रिडर्स सोसाइटी अफ् नेपालले गरेको हो। कास्कीकै हेमजामा जन्मेर हाल अष्ट्रेलिया बस्दै आएका उपन्यासकार सजीले आफू जहाँ रहे पनि पोखराको परिवेशले आफूलाई दिएको साहित्यिक प्रेरणा सम्झिरहने बताए। आफू जन्मेको र हुर्केको परिवेशलाई उपन्यासमा उतार्न सक्दा आफूलाई गौरवबोध भएको भन्दै सजीले उपन्यास सकेसम्म पठनीय बनाउने प्रयास गरेको बताए। सजीका यसअघि भूपरिवेष्टित खुट्टाहरु र इजलासमा लाहुरे फुल नामक २ कविता कृति प्रकाशित छन्।

सोसाइटीका अध्यक्ष उपेन्द्र पौडेलको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि कवि तीर्थ श्रेष्ठले पोखराको परिवेश नै साहित्यिक दृष्टिबाट ऊर्वर रहेको बताए। सजीले यहींबाट आर्जन गरेको साहित्यिक ऊर्जालाई अष्ट्रेलियामा रहँदा पनि निरन्तरता र अझ उच्च स्तरमा अघि बढाउनु प्रशंसनीय रहेको श्रेष्ठको भनाइ थियो। कविका रुपमा परिचित सजीलाई डार्लिङ हार्बरले उपन्यासकारका रुपमा स्थापित गर्नेमा शङ्का नभएको उनको दावी थियो। कृतिको चर्चा गर्दै सोसाइटीका निवर्तमान अध्यक्ष गनेस पौडेलले नेपाली साहित्यमा डार्लिङ हार्बर एक छुटाउने नहुने कृति भएको दावी गरे। सो कृतिका सम्पादक समेत रहेका पौडेलले सो कृतिलाई नेपाली साहित्यले बेवास्ता गर्ने हो भने सिङ्गो साहित्यको भविष्यलाई ठूलो क्षति पुग्ने जिकिर गरे। कतिपय कृतिको चर्चा सुरुमा नभए पनि पछि त्यसको महत्त्व बुझेपछि स्थापित हुँदै जाने भन्दै उहांले डार्लिङ हार्बरको चर्चा समयको क्रमसँगै बढ्दै जाने दावी गरे। कृतिमा प्रेमको कथा भएको तर सस्तो प्रेमको कथा नभएको उनको भनाइ थियो। अर्का समीक्षक ईश्वरमणि अधिकारीले डार्लिङ हार्बरले पोखरा र वरिपरिको परिवेशलाई समेटेकाले पनि आफ्नोपन मेटिने बताए। पोखराले गौरव गर्न लायक लेखकको कृतिले नेपाली साहित्यमा ठूलै महत्व राख्नेमा पनि अधिकारीले विश्वास व्यक्त गरे। विक्रम, मधुर आभाको कवाली पाठकलाई एकोहोरो तानिरहने भन्दै उनले उपन्यास पठनीय रहेको बताए। प्रकाशक बुक हिलका सञ्चालक भूपेन्द्र खड्काले डार्लिङ हार्बरले नाकाबन्दी र भूकम्पले निराश बनाएको साहित्यिक बजारमा केही आशा जगाएको बताए। सो उपन्यासको छिटै दोस्रो संस्करण बजारमा आउने पनि उहांले जानकारी दिए। सचिव रुपिन्द्र प्रभावीको सञ्चालन र उपाध्यक्ष केशवशरण लामिछानेको स्वागतमा भएको कार्यक्रममा सोसाइटीले हरेक महिनाको अन्तिम शनिवार गर्ने कार्यक्रममा आगामी पुस २५ गते युवा लेखक युग पाठकले सन्मान रुसीको कृति 'सर्टानिक भर्सेस'माथि परिचर्चा गर्ने जानकारी दिइएको थियो।

क्यान सदस्यलाई कर सम्बन्धी प्रशिक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

क्यान महासंघ कास्कीका सदस्यहरुलाई कर सम्बन्धी प्रशिक्षण दिइएको छ। महासंघको आयोजना तथा आन्तरिक राजश्व कार्यालय पोखराको व्यवस्थापनमा शनिवार प्रशिक्षण दिइएको हो। कर शिक्षा तथा आयकरबारे सदस्यहरुलाई जानकारी गराउन एकदिने प्रशिक्षण आयोजना गरिएको कार्यक्रम संयोजक तथा महासंघका कोषाध्यक्ष कृष्णराज पोखरेलले जानकारी दिए। प्रशिक्षण उद्घाटनका अवसरमा बोल्दै प्रमुख कर अधिकृत लेखनाथ शर्माले कर प्रणालीप्रति आम व्यवसायी सतर्क र जिम्मेवार बन्नुपर्ने बताए। 'कर तिर्नु आम व्यवसायीको दायित्व र कर्तव्य हो,' उनले भने, 'कर छलि गनेंहरुलाई कडा कारवाही हुन्छ।' सहभागीहरुलाई प्रशिक्षण दिँदै कर अधिकृत सूर्य सुवालीले इमान्दार

बनेर व्यवसायीले समयमै सरकारलाई कर बुझाउनुपर्ने बताए। 'कर छल्नेलाई कावाहि हुन्छ र कर प्रणालीमा उच्च योगदान गर्नेहरुलाई सम्मान पनि गरिन्छ,' उनले भने। अर्का कर अधिकृत नवराज पराजुलीले करदाता उपभोक्ता र पहिलो कर अधिकृत व्यवसायी भएको बताए।

वार्षिक कार्यक्रम अन्तर्गत कर प्रशिक्षण कार्यक्रम आयोजना गरिएको कार्यक्रम संयोजक पोखरेलले जानकारी दिए। 'सदस्यहरुलाई भ्याट शिक्षा तथा आयकरबारे जानकारी दिन प्रशिक्षण आवश्यक ठानेकाले वार्षिक रूपमा यस्ता कार्यक्रम गर्दै आएका छौं,' उनले भने, 'कर तिर्नुपर्छ भन्ने भावना व्यवसायीमा विकास गराउन प्रशिक्षण प्रभावकारी बनेको हाम्रो विश्वास छ।' कार्यक्रममा क्यान महासंघसँग आबद्ध ४० जना व्यवसायी सहभागी थिए।

५० हजार सहयोग

पोखरा ४ पुस ।

बैशाख १२ को बिनाशकारी भूकम्पबाट प्रभावित भएकी उजेली दमाई परियारलाई थि एन्जल्स नेपालले ५० हजार रुपैंया नगद सहयोग प्रदान गरेको छ। कास्कीको लाहाचोक गाविस वडा नं ७ की परियारलाई लाहाचोकमा आयोजित एक कार्यक्रममा उक्त सहयोग गरिएको थि एन्जल्स नेपालको केन्द्रिय कार्यालयले जनाएको छ। कमजोर आर्थिक अवस्था भएकी परियारको घरमेत भुकम्पले भत्काएपछि उनको अवस्था झन् दयनीय बनेको स्थानीयले जानकारी गराएपछि संस्थाले सहयोग गरेको थि एन्जल्स नेपालका सदस्य एवं थि एन्जल्स रेडियोका स्टेशन म्यानेजर गणेश श्रेष्ठले जानकारी दिए। लाहाचोक साना किसान कृषि सहकारी संस्थाको तेश्रो वर्षिक साधारण सभा तथा प्रथम अधिवेशनको अवसरमा आयोजित कार्यक्रममा थि एन्जल्स नेपालका बालबालिका प्रमुख भीम पौडेलले सहकारीका अध्यक्ष कमला पौडेललाई उक्त रकम बराबरको चेक हस्तान्तरण गरेका थिए।

खेलकुद मैदानलाई व्यस्थित गर्न समिति गठन

पोखरा ४ पुस ।(गोल्डेन)

हेमजा गौरी शंकर खेलकुद मैदान गैरीलाई व्यवस्थित गर्नका लागि यहाँका स्थानीयबासी जुटेका छन्। खेलकुद मैदानलाई व्यस्थित बनाउदै त्यस स्थानमा मञ्च निर्माण गर्नका लागि हेमजा युनाईटेडका सल्लाहकार इन्द्रप्रसाद त्रिपाठीको अध्यक्षतमा एक समिति गठन गरिएको छ। हेमजा युनाईटेले शनिवार आयोजना गरेको भेलाले हेमजा गौरीशंकर खेलमैदान तथा मञ्च निर्माण समिति गठन गरेको हो। समितिको उपाध्यक्षमा भुवेन्द्र कुँवर, सचिवमा प्रेमबहादुर कुँवर, कोषाध्यक्षमा इन्द्रबहादुर कुँवर तथा सदस्यहरुमा खिमलाल तिमिल्सिना, महादेव सापकोटा(वसन्त), सन्तोष पौडेल, धर्मेन्द्र कुँवर र बुद्ध कुँवर रहेका छन्। त्यसैगरि समितिको सल्लाहकार विशालजंग कुँवर, विजय केसी, ध्रुवलबहादुर कुँवर, ह.टेकबहादुर कुँवर, लोकेन्द्रबहादुर कुँवर, भीमप्रसाद श्रेष्ठ, ईश्वरी प्रसाद वंस्तोला, प्रकाशचन्द्र सापकोटा, माधवशरण पौडेल, अम्मरबहादुर कुँवर र कृष्ण थापा रहेका छन्। समितिले जिल्ला खेलकुद विकास समिति, जिल्ला विकास समिति कास्की, पोखरा उपमहानगर पालिकाका सग समन्वय गरि खेलमैदानको पूर्वाधार विकास गर्ने छ। उक्त मैदानमा मञ्च निर्माणका लागि हेमजा युनाईटेडले २०७२ सालको नयाँ वर्षको उपलक्ष्यमा आयोजना गरेको शुभकामना कपमा विकास समिति सभापति तथा सांसद रविन्द्र अधिकारीले शिलन्यास गरिसकेका छन्। उनले शिलन्यासका क्रममा मञ्च निर्माणका लागि सक्दो सहयोग गर्ने वचन समेत दिएका थिए। हेमजा युनाईटेडले गरेको शुभकामना कपमाथि बचेको केहि रकम खेल मैदान व्यवस्थापना खर्च गर्ने जनाए अनुरुप निर्माण कार्यमा सहयोग गर्ने अध्यक्ष विजय केसीले जानकारी दिए। कास्की जिल्लाकै वैकल्पिक खेल मैदानको रुपमा यस खेल मैदानलाई लिन सकिने भएकोले यसलाई व्यवस्थित गर्नका लागि सबै सग सहकार्य गर्ने छुसमितिका अध्यक्ष इन्द्रप्रसाद त्रिपाठीले भने-यो कार्यमा सबैको सहयोग पाउने विश्वास लिएको छु यस खेलमैदानको पूर्वाधार विकास गर्नका लागि यस क्षेत्रमा काम गर्ने संघ संस्थाहरु पनि सकारात्मक देखिएका छन्।

बाल क्लब गठन

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

पोखरा १५ नयाँगाउँस्थित तल्लो नयागाउँ टोलमा अल्पपूर्ण बाल क्लब गठन गरिएको छ। तल्लो नयाँगाउ टोल विकास संस्थाका अध्यक्ष क्याप्टेन नरेश थापाको अध्यक्षतामा आज भएको एक भेलाले अदिक्षा थापाको अध्यक्षतामा ११ सदस्यीय क्लब गठन गरेको हो। क्लबको उपाध्यक्षमा आकृत श्रेष्ठ, सचिवमा सेजल थापा, सहसचिवमा थ्रोइसन तारा श्रीष, कोषाध्यक्षमा दिव्या थापा रहेका छन्। सदस्यहरुमा आरक्ष श्रेष्ठ, ईशा गुरुंग, रोशन गर्वुजा, कृति थापा, मिलन थापा र आदिश थापा रहेका छन्। त्यस्तै सल्लाहकारमा रिचा थापा, सचिना गुरुङ, सविता गुरुङ र सुजन थापा रहेका छन्। क्लब गठनको अवसरमा जनजागृति आमा समूह, जनजागृति युवा क्लब, तथा टोल भित्रका बालबालिकाहरुको उपस्थिति रहेको थियो।

पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका 'गोल्डेन न्यूज राष्ट्रिय दैनिक' खोजी-खोजी पढ्ने गरौं ।

बैंक ब्यालेन्स

बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८२६१-०६६०२

राहदानी हरायो

मिति २०७२/०८/०१ गते पोखराबाट काठमाडौं जाने क्रममा निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : शिवकुमार विश्वकर्मा
ठेगाना : धम्पुस-९, कास्की
राहदानी नं. : ३६८४४३३३
सम्पर्क : ९९०६७००५८०

हिमालय सहकारी ह्येमजाको साधारणसभा

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

हिमालय बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा-२९ हेमजाका विशेष साधारण सभा तथा वनभोज कार्यक्रम शनिवार सम्पन्न भएको छ। संस्थालाई आगामि दिनका कसरी आर्थिक रुपमा मजबुद बनाए लान सकिन्छ भन्ने उद्देश्यका साथ शेर सदस्यहरुसग सुझाव लिन विशेष साधारण सभाको आयोजना गरेको हो। कार्यक्रममा सहभागिहरुले शेयर सदस्यले दिएको अधिकार प्रयोग गरेर मात्रै काम गर्न सञ्चालक समितिलाई सुझाव दिएका थिए। विशेष साधरणसभामा संस्थाका शेयर सदस्यहरुलाई आफ्ने सहकारीमा कारोवार गर्न आग्रह गरेका थिए। संस्थाको हाल सम्मको शेयर पुँजी तीन करोड ७६ लाख दुइ हजार छ सय, बचत संकलन पाँच करोड १९ लाख ६२ हजार सात सय ९० रु ऋण लगानी आठ करोड २० लाख ७३ हजार दुई सय ३९ रहेको संस्थाका कोषाध्यक्ष भरतराज अधिकारीले जानकारी दिए। त्यसैगरि संस्थाले सञ्चालन गरेको लघुवित्त कार्यक्रममा ८० लाख भन्दा बढि लगानी भएको छ।

कार्यक्रममा हिमालय बचत तथा ऋण सहकारी संस्थाका सल्लाहकार मोतिराज तिमिल्सिना र पूर्व सल्लाहकार अर्जुन पौडेलले बोलेका थिए। हिमालय बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष कृष्णप्रसाद त्रिपाठीको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा उपाध्यक्ष राजेन्द्र बहादुर सापकोटाले स्वागत र सचिव माधवशरण पौडेलले कार्यक्रम सञ्चालन गरेका थिए।

खुशीको खबर !

के तपाईलाई लागेभागे भई छेवभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गड्डो पार लगाउने देवी हुनुहुन्छ। साथै ढाड दुखेको, बाथ, शुक्री, आँखोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ। महिनावारी भएको ७ दिन र जुठो परेको १ वर्षपछिसम्म आउने ।
अकलादेवी चढेकी अधिकारी (मिरवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५५५९

जीवन के.सी. मो. ९८५६०-३८०६६ ९८०६६-४०८८७
पञ्चमुखी लक्ष्मी सप्लायर्स
हबेलीमार्ग, काजीपोखरी पोखरा-१८
विवाह, व्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

कर्मचारी आवश्यकता

एक प्रतिष्ठित ट्राभल्स एजेन्सीका लागि २ जना महिला र १ जना कर्मचारी आवश्यक परेको हुँदा एसएलसी उत्तीर्ण वा सो सरह र कम्प्युटर सम्बन्धी दक्ष व्यक्तिले सम्पर्क गर्नुहोला ।
नोट : मोटरसाइकल, स्कुटर हुनेलाई विशेष प्राथमिकता दिइनेछ ।
सम्पर्क : ०६१-५२६४०९

विदेश जानेहरुका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin ढुवाई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरु :- अन्तर्वार्ता ग्यारेन्टी छ ।
◇शतप्रतिशत उत्तीर्ण गराउन सफल ◇आफ्ने मेनपावर कम्पनीबाट प्रशिक्षण गराईने ।
◇२१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल
सम्पर्क फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचौकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेस कम्प्लेक्स सटर नं. ३०, फोन:०६१-५२०२१२, मो. ९८४६०-४१४९२

प्रो. वद्री के.सी. : ९८५६०३५८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३१८७३
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
इन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानिक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

सार्वजनिक सूचना

यस ले.न.पा वडा नं. २, बस्ने राजु तामाङको छारा सञ्जय बहादुर तामाको नाममा रहेको सावित अर्धा ३ को कित्ता नं. ३३७२ समेत क्षेत्रफल ०-४-३-२ को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको र कुनैपनि सधियारा फेला नपरेकोले बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

कि.नं.	पूर्व	पश्चिम	उत्तर	दक्षिण
३३७२ समेत	२७९९ समेत	२७४७	बाटो	७९६

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

"रंगहरुको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगशेगतका लागि सम्झने पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०१९४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

पोखरामा पहिलो पटक
☞ यौनदुर्बल : लिङको साइज, पावर बढाउन, शिश्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुवैको लागि)
☞ स्तन बढाउन, घटाउन, टाइट गर्न, झुलाइ कसिलो बनाउन, पेटको चिरा हटाउन।
☞ केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
☞ Cuit Face बनाउन स्प अमृत (Inddian), Fair Look
☞ उचाई बढाउन Step Up, Triple Height
☞ तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
☞ शाही नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
☞ दाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनसिल।
सबै प्रकारका यौन समस्या समाधान गरिन्छ। विश्वास गर्नुहोस्, हामी तपाईको सेवामा सधैं तत्पर छौं।
✤ अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

अर्पण, दर्पण र सेतीगण्डकी लायन्सको शिविर

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

लायन्स क्लब अफ पोखरा अर्पण र लायन्स क्लब अफ पोखरा दर्पणको संयुक्त आयोजनामा पोखराको लामाचौरमा संयुक्त आँखा जाँच कार्यक्रम आयोजना गऱ्यो । लामाचौर स्थित इन्द्रराज्य उच्चमाविका आयोजित कार्यक्रममा ४०४ जना बालबालिकाको आँखा परीक्षण गरिएको थियो । जसमध्ये १० जनालाई पुनः उपचारका लागि हिमालय आँखा हस्पतालमा रिफर गरिएको छ भने उनीहरुका लागि निःशुल्क रुपमा चश्मा वितरण हुने बताइन्छ । कार्यक्रममा प्राविधिक सहयोग हिमालय अस्पतालले गरेको थियो । कार्यक्रमको समापन अवसरमा बोल्दै विद्यालयका प्रचार्य एवं भद्रकाली लायन्सका पूर्व अध्यक्ष केशव प्रसाद अमगाईले हामीले गर्ने योगदान मानवले पाउने सेवा हुनुपर्नेमा जोड दिए । लायन्सको मुख्य उद्देश्य फेलोशिप, सर्भिस र फ्रेण्डशिप भएको भन्दै उनले अहिले अन्य उद्देश्य भन्दा बढी फेलोशिप हुने गरेको बताए । लायन्स धन भएर होइन मन भएर मानवीय सेवा गर्नुपर्ने उनले बताए । अर्पण र दर्पण लायन्सले विद्यालयमा आँखा शिविर आयोजना गरेर महत्वपूर्ण योगदान दिएको उनले बताए ।

कार्यक्रममा बोल्दै हिमालय आँखा अस्पतालका सामुदायिक कार्यक्रम संयोजक भोजराज गौतमले आँखा अस्पतालले १ वर्षमा करिब १५० ठाउँमा आँखा शिविर आयोजना गरेको बताए । आँखाको वेलैमा हेरचाह गर्नेहो भने कुनै समस्या नआउने उनले स्पष्ट पारे । अर्पण लायन्सकी अध्यक्ष लक्ष्मी पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा क्लबका जोन चियर पर्सन रमेश बहादुर खत्री, लियो क्लब अफ सेन्टरका गौरव बानियाँ, अर्पणकी सचिव सरिता खत्री, दर्पणका संयोजक श्याम खत्री लगायतले बोलेका थिए ।

यसैगरी लायन्स क्लब अफ पोखरा सप्तगण्डकीले सपना आयुर्वेद हस्पिटलमा शनिवार निशुल्क निःशुल्क स्वस्थ्य परीक्षण र मधुमेह रोग बारे जानकारी गराएको छ । क्लबका अध्यक्ष अन्जु कमचार्यको अध्यक्षतामा भएको कार्यक्रममा १६३ जनाको निःशुल्क स्वस्थ्य परीक्षण गर्नुका साथै ८० जनाको मधुमेहको परीक्षण गरिएको थियो । परीक्षणमा आयुर्वेद चिकित्सक जनरल फिजिसियन डा. नारायण पाण्डे, डा. माधवी कुमारी, प्रयोगशालामा विएएमएलटि विरेन्द्र यादव, आहार विज्ञ डाइटिसियन श्रीविद्या कायस्थले आहार परामर्श तथा स्वास्थ्य परीक्षण गरेका थिए । कार्यक्रमका प्रमुख अतिथि डिष्ट्रिक्ट ३२५ वि वान नेपालका डिष्ट्रिक्ट एड्माइजर तथा एलसि पोखरा सप्तगण्डकीका एक्टेन्सन चियर पर्सन विमला श्रेष्ठ, स्टेट चिल्डेन सपोर्ट चियर पर्सन दिनकुमारी शर्मा, कार्यक्रमका संयोजक तथा सपना आयुर्वेद हस्पिटलका सञ्चालक लायन सपना रानाले आयुर्वेद र मधुमेह रोगको बारेमा जानकारी गराएका थिए ।

दुचीटोलमा बालक्लव गठन, अध्यक्षमा गुरुङ

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

पोखराको रामबजार स्थित दुचीटोलमा बालक्लव गठन गरिएको छ । कार्यक्रममा प्रमुख अतिथि पोखरा उपमहानगरपालिका वडा नं.१० की परिचालिका दुर्गादेवी कँडेलले सहजीकरण गर्नुको साथै बालक्लबको हकहितको बारेमा जानकारी गराएका थिए । कार्यक्रममा विशेष अतिथि टोलका ९० वर्षीया वृद्ध कर्णबहादुर नेपाली, अतिथिहरु रामबजार ल्याम्ह:पुच:का युवा अध्यक्ष सुरज तम्ख्या, आमा समूहकी उपाध्यक्ष मैया नेपाली, महिला समूहकी अध्यक्ष यानीमाया राना लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

बालक्लव गठन गर्ने क्रममा सर्वसम्मत हुन नसकेपछि निर्वाचन प्रकियाबाट सदस्यहरुको चयन गरिएको थियो । उक्त बाल क्लबको अध्यक्षमा उषा गुरुङ, उपाध्यक्षमा आयुष पुन, सचिवमा अन्जना सुवेदी, सहसचिवमा निश्चय पौडेल, कोषाध्यक्षमा उमेश नेपाली र सदस्यहरुमा शिशिर भट्टचन, प्रिया खाव, महिस्मा मास्की, अस्मिता गुरुङ, मन्दिप राना, हिमाल थापा, उज्वल नेपाली, सृष्टि केसी रहेका छन् भने सल्लाहकारहरुमा किरण प्रसाद भट्टचन, यानीमाया राना र मैया नेपाली रहेका छन् ।

उक्त अवसरमा समितिका अध्यक्ष किरण प्रसाद भट्टचनले सम्पूर्ण कार्यसमितिका नवनिर्वाचित पदाधिकारीहरुलाई बधाई तथा शुभकामना दिदै रामबजार दुचीमार्ग बाल क्लबको सफलताको कामना गरेका थिए । नवनिर्वाचित अध्यक्ष लगायत पदाधिकारीहरुले आफूहरुले यो बाल क्लबको लागि सकेसम्मको योगदान दिई यस क्लबलाई सफल बनाउने प्रतिवद्धता व्यक्त गरेका थिए । दुचीमार्ग टोल विकास संस्थाका अध्यक्ष किरण प्रसाद भट्टचनको अध्यक्षतमा भएको कार्यक्रमको संचालन सचिव मनमाया नेपालीले गरेका थिए ।

यसैगरी पोखरा १८ शुभकामना टोल विकास संस्था शनिवार भएको बाल भेलाले दिपेश के.सी.को अध्यक्षतामा १३ सदस्यीय बाल क्लब गठन भएको छ। क्लबको उपाध्यक्षमा ट्रबीडकल थापा, सचिवमा रोशन के. सी., सहसचिवमा पूर्णिका गुरुङ, कोषाध्यक्षमा विशाल तिवारी र सदस्यहरु सन्देश रोक्का, संध्या गोदार, राजन जि.सी., विशन छत्त्याल, अनिल नेपाली, विवेक छत्त्याल चयन भएका छन्। शुभकामना टोल विकास संस्का अध्यक्ष कृष्णबहादुर कुर्बरको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव राम्जी के. सी.ले गरेका थिए।

कारागारका कैदीवन्दीहरुको स्वास्थ्य परीक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

लायन्स क्लब अफ पोखरा गण्डकी र गाइनोक्लोजिस्ट एशोसिएसन अफ पोखरा च्याप्टरको आयोजना र थ्री एन्जल्स नेपालको सहयोगमा शनिवार पोखराको पार्दी स्थित जिल्ला कारागारमा रहेका बन्दीको स्वास्थ्य परीक्षण गरिएको छ। कार्यक्रमका प्रमुख अतिथि पिएमसिसि प्रेमबहादुर श्रेष्ठले कैदीवन्दी सूर्यमाया दाहाललाई पेक्किप्सन दिएर कार्यक्रमको उद्घाटन गरेका थिए।

उनले बन्दीका लागि गरिएको स्वास्थ्य परीक्षण तथा कम्मल वितरण कार्यक्रम निकै राम्रो भएको बताए। लायन्स क्लब अफ पोखरा गण्डकीका अध्यक्ष सीता पाण्डेले लायन्सले स्वास्थ्य, शिक्षा र सरसफाइका कार्यलाई जोड दिने बताइन्। नेपाल सोसाइटी अफ अब्स्ट्रेटीक्स एण्ड गाइनोकोलोजी पोखराका अध्यक्ष डा. निरजकुमार दुवेले चिसो मौसमसँगै विभिन्न रोगले मानिसलाई सताउने हुँदा कारागारमा रहेका बन्दीको स्वास्थ्य परीक्षण गरिएको बताए।

थ्री एन्जल्स नेपालका संस्थापक अध्यक्ष राजेन्द्र गौतमले कास्की कारागारमा आठ वर्षदेखि महिला र बालबालिकाको क्षेत्रमा क्रियाशील रहेको बताउँदै यस्ता कार्यक्रम दुर्गम जिल्लामा लिएर जान सके अझ सार्थक हुने विचार राखे। कास्की कारागार प्रमुख हरिप्रसाद गौतमले कारागारमा विभिन्न खालका बन्दी रहेको बताए। उनले बन्दी भन्ने बितिकै घृणाको भावले हेर्न नहुनेमा जोड दिए।

सो अवसरमा कारागारमा रहेका पाँच सय ४९ कैदीको स्वास्थ्य परीक्षण गरी औषधि वितरण गरिएको थियो। शिविरमा डा. निरजकुमार दुवे, डा. भोजराज न्यौपाने, डा. चण्डिका पण्डित, डा. राजेश अधिकारी, डा. जुना श्रेष्ठ, डा. राजेन्द्र तिवारी, डा. पदम दुङ्गाना, डा. गोमा तुलाचन, डा. आशिक श्रेष्ठ, डा. डोलेन्द्र आचार्य, डा. अभिषेक वाग्ले, डा. आधिका श्रेष्ठलगायतले स्वास्थ्य परीक्षण गरेका थिए। शिविरमा प्राविधिक सहयोग फेवा सिटी हस्पिटल एण्ड रिसर्च सेन्टर र प्रयोगशालासम्बन्धी परीक्षणमा प्राविधिक सहयोग युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्राली युआरएल।ले गरेका थिए।

लायन्स क्लब अफ पोखरा गण्डकीका अध्यक्ष सीता पाण्डेलको अध्यक्षतामा भएको कार्यक्रममा डिष्ट्रिक्ट डिजाष्टर कमिटी मेम्बर उषा गौतमले स्वागत, क्लबका प्रथम उपाध्यक्ष शारदा शर्माले धन्यवाद ज्ञापन र निर्वतमान अध्यक्ष मन्जु पन्तले ध्वजाको अभिवादन गरेका थिए। उक्त कार्यक्रमको सञ्चालन संस्थाका सचिव मना थापाले गरेकी थिइन्। सो अवसरमा कैदीवन्दीलाई कम्मल पनि वितरण गरिएको छ।

नेविसंघको घेटघाट

पोखरा ४ पुस ।

पोखरा विश्वविद्यालय नेपाल विद्यार्थी संघको आयोजनामा भेटघाट तथा वनभोज कार्यक्रम शनिवार सम्पन्न भएको छ । नेपाली कांग्रेसका केन्द्रिय सदस्य बालकृष्ण खँडिको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उनले अब कांग्रेसले विचारको राजनिती गर्ने वेला आएको छ । हामि पद वाट वाहिर रहँदा हाम्रो पदमा लिप्त हुनेहरुलाई हाम्रो उत्साह देखाउनको लागी एक भएर लाग्न सुझाव दिए । कार्यक्रममा बोल्दै नेपा विद्यार्थी संघका पूर्व अध्यक्ष विश्वप्रकाश

साधारणसभा सम्पन्न

पोखरा ४ पुस ।

एड्स रोग नियन्त्रण संघ कास्कीको १९औं साधारणसभा पोखरामा शनिवार सम्पन्न भएको छ । कार्यक्रमको उद्घाटन गर्दै सांसद सारदा पौडेलले २१ औं सताब्दीमा चुनौतीको रुपमा देखा परेको एचआइभी एड्स न्यूनिकरणका लागि घरबाटै शुरुवात गर्नुपर्नेमा जोड दिए । संघका अध्यक्ष विश्वमोहन गौचनले १९ वर्षदेखि आफूहरु एचआइभी एड्सबारे जनचेतना फैलाउदै हिडेको बताउदै सबैको सहयोग पाएको उल्लेख गरे। कार्यक्रममा संघका सचिव अमृतलाल श्रेष्ठले सचिव र कोषाध्यक्ष रामप्रसाद अधिकारीले कोषाध्यक्षको प्रतिवेदन पेश गरि पारित भएको थियो । संघका अध्यक्ष विश्वमोहन गौचनको अध्यक्षतामा भएको कार्यक्रममा सचिव अमृतलाल श्रेष्ठले कार्यक्रमको सञ्चालन र सदस्य पुरुषोत्तम श्रेष्ठले स्वागत गरेका थिए ।

सके घाइतेको अवस्था बिग्रन नदिई जिवन बचाउन समेत सहयोगी हुने बताएका थिए । कार्यक्रमको समापन गर्दै गोगन उच्च माविका प्रधानाध्यापक डम्मर प्रसाद पौडेलले रेडक्रसले प्राथमिक उपचार तालिम प्रदान गरेकोमा धन्यवाद दिदै तालिमको व्यवहारमा उपयोगमा गर्नुपर्नेमा जोड दिए ।

लाभांश वितरणको तयारीमा ओम फाइनान्स

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

ओम फाईनान्स लिमिटेडले शेयर धनीहरुलाई २८.४८ प्रतिशत लाभांश वितरण गर्ने भएको छ। फाईनान्सको पौष ४ गते शनिवार सञ्चालक समितिका अध्यक्ष सुशिल कुमार गोशलीको अध्यक्षतामा सम्पन्न १२औं वार्षिक साधारण सभाले २७.०६५५ प्रतिशत बोनस शेयर र सोमा लाग्ने करको लागि १.४२ प्रतिशत नगद लाभांश पारित गरेको हो। साधारणसभाले संस्थापकहरुबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरु समेत निर्विरोध चयन गरेको छ। चयन हुनेहरुमा सुशिल कुमार गोशली, योगेन्द्रलाल प्रधान र जितप्रसाद ढुरहेका छन् भने साधारणसभापछि बसेको सञ्चालक समितिको बैठकले सुशिल कुमार गोशलीलाई सर्वसम्मतिले अध्यक्षमा पुनः चयन गरेको छ। फाईनान्सका ५ जना सञ्चालकहरु मध्ये निरञ्जन श्रेष्ठ र अमर गुरुङ सर्वसाधारणको तर्फबाट प्रतिनिधित्व गरिराखेका छन्। साधारणसभाले ओम फाईनान्स लिमिटेड र सिटी डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभिनको लागि स्विकृति दिएको छ। कम्पनीले गत आ.व.को असार मसान्तसम्म ४ अर्ब ५० करोड निक्षेप संकलन, ३ अर्ब ९३ करोड कर्जा लगानी गरि २० करोड १७ लाख सञ्चालन मुनाफा आर्जन गरेको थियो । कम्पनीको निष्क्रिय कर्जा ०.६७ प्रतिशत रहेको छ भने प्रति शेयर आम्दानी ३३.०९ प्रतिशत रहेको छ। बोनश शेयर वितरणपछि कम्पनीको चुक्ता पुंजी ४९ करोड ४५ लाख ८६ हजार हुनेछ। साधारणसभामा कम्पनीमा स्थापना कालदेखि कार्यरत कर्मचारीहरु दिनेश राज शाक्य, सुनिता राना र प्रकाश ढकाललाई सम्मान गरिएको थियो भने आ.व. २०७१/७२ मा विभिन्न विद्यामा उत्कृष्ट ठहरिएका कर्मचारीहरु तथा शाखाहरुलाई सम्मान गरिएको थियो जस अन्तर्गत ग्राहक सेवा कर्मचारी विद्यामा रामेश्वर कर्मचार्य, अनुशासित कर्मचारी विद्यामा सरिता प्रधान, वफादार कर्मचारी विद्यामा रविन्द्र अधिकारी, भरपर्दो कर्मचारी विद्यामा सुदिप बज्राचार्य, निरन्तर उत्कृष्ट कार्यसम्पादान शाखा विद्यामा दमौली शाखा र वर्षको उत्कृष्ट शाखा विद्यामा रामबजार शाखालाई पुरस्कृत गरिएको थियो ।

लेखनाथ कुटानी पिसानी व्यवसायीमा पौडेल

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ पुस ।

लेखनाथ कुटानी पिसानी व्यवसायी समितिको शनिवार सम्पन्न तेस्रो साधारणसभा तथा दोस्रो अधिवेशनले आगामी कार्यकालकालका लागि रामजी पौडेलको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ। सर्वसम्वत रुपमा चयन भएको समितिको उपाध्यक्षमा कण्ण बहादुर अधिकारी सचिवमा टिकाराम भुर्तेल, कोषाध्यक्षमा भरतराज न्यौपाने र सह सचिवमा विष्णु गौतम रहेका छन् भने समितिको सदस्यमा नारायण प्रसाद पाण्डे,रामबहादुर श्रीस, रबहादुर बस्नेत,सोमराज सापकोटा, बैकुण्ठराज अधिकारी, तेजकुमारी शाही राणा, बल्पना पोखेल, लेखबहादुर गुरुङ, सुधनराज अधिकारी, दामोदर कार्की, कृष्णकुमार श्रेष्ठ र सूर्यबहादुर धमला रहेका छन्।

यसअघि कार्यक्रमको उद्घाटन गर्दै लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठीले व्यवसायिक हक हितका लागि यहाँ रहेका सबै व्यवसायीहरुको साझा अवधारणाको आवश्यकता रहेकाले लेखनाथ उद्योग वाणिज्य संघले वस्तुगत संघकोलाई अगाडि बढाएको धारणा राखेका थिए। लेखनाथ कुटानी पिसानी व्यवसायी समितिका अध्यक्ष रामजी पौडेलको अध्यक्षतामा भएको सो कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष कृष्णहरि भण्डारी, लेखनाथ हाडवेयर्स एसोसियसनका अध्यक्ष ऋषिराम भण्डारी, लेखनाथ भाडा व्यवसायी समितिका अध्यक्ष भरतराज ओझा,सल्लाकार टिका खनाल, सदस्य चन्द्रगोपाल श्रेष्ठ र निर्वाचन संयोजक ऋषिराम जमरकटेल लगायतले आफनो धारणा राखेका थिए। लेखनाथ कुटानी पिसानी व्यवसायि समितिका सचिव विलभद्र कडेलले संचालन गरेको सो कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष कृष्णबहादुर अधिकारीले गरेका थिए।

तालिम सम्पन्न

पोखरा ४ पुस ।

नेपाल रेडक्रस सोसाइटी कास्कीद्वारा सञ्चालित दुई दिने प्राथमिक उपचार र सडक सुरक्षा तालिम गोगन उच्च माबि लेखनाथमा शनिवार सम्पन्न भएको छ । सो अवसरमा बोल्ने वक्ताहरुले विरामी तथा घाइतेहरुलाई प्राथमिक उपचार गरेर अस्पतालसम्म लैजान

नयाँ भर्ना सम्बन्धी सूचना !!!

नेपाल सरकार तथा सि.टि.ई.भि.टि.बाट मान्यता प्राप्त यस हिमालयन कलेज अफ् हस्पिटालिटी म्यानेजमेण्टमा १८ महिने डिप्लोमा तहमा तल दिइएका विभिन्न विषयहरुमा जनवरी शत्रका लागि नयाँ भर्ना खुलेको सम्बन्धित सबैमा जानकारी गराउँछौं।

क्र.सं.	विषय	कक्षा संचालन
१.	[illegible]	[illegible]
२.	[illegible]	[illegible]
३.	[illegible]	[illegible]

हाम्रा विशेषताहरु:

१. स्वदेश तथा विदेशमा अध्ययन गरि लामो समय विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय होटलहरुमा काम गरि सकेका शिक्षक तथा प्रशिक्षकहरुद्वारा अध्यापन तथा प्रशिक्षण गराईने।
२. अत्याधुनिक प्रयोगशाला तथा सामाग्री प्रयोग गरि प्रशिक्षण गराइने।
३. समय समयमा स्वीट्जरल्याण्ड बाट विज्ञहरु ल्याई शिक्षण तथा प्रशिक्षण गराइने।
४. नेपालका विभिन्न होटलहरु तथा चीन, मलेशिया, भारत, श्रीलंका तथा थाइल्याण्डमा छ महिने Paid Internship तथा जागिरको ग्यारेण्टी गरिने।

विस्तृत जानकारीको लागि:
हिमालयन कलेज अफ् हस्पिटालिटी म्यानेजमेण्ट
महेन्द्रपुल (छोरेपाटन बस स्टप सँगै), पोखरा, फोन: ०६१-५२१२५५ तथा मो.९८४६०७५११७







सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष / प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा